रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी
लुम्बिनी प्रदेश, नेपाल

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश

च.नं. : ५९६६

प.सं.:

२०८०/०१/१५

**बिषय - सूचना टांस गरि जानकारी पठाई दिनु हुन ।**

श्री जिल्ला प्रशासन कार्यालय परासी नवलपरासी
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय परासी नवलपरासी
श्री मालपोत कार्यालय परासी नवलपरासी
श्री उ.वा.संघ परासी नवलपरासी
श्री वडा कार्यालयहरू सबै रामग्राम न.पा.

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८०।१।१५ गते प्रकाशित पोखरी ठेक्काको खुल्ला डांक बढाबढ सम्बन्धी सूचना यसै पत्र साथ संलग्न गरि पठाइएको छ । उक्त सूचना त्यस कार्यालयको सूचना पार्टीमा टांस गरि सोको जानकारी यस कार्यालयलाई पठाई दिनुहुन अनुरोध छ ।

..............................

८०।१।१५

संजय कुमार शर्मा
लेखा अधिकृत (छैठौं)

## रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**लुम्बिनी प्रदेश, नेपाल**

**परासी, नवलपरासी (ब.सु.प)**

**<u>पोखरी ठेक्काको खुल्लो डाक बढाबढ सम्बन्धी</u>**

## सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मिति: २०८०/०१/१५ गते)

रामग्राम नगरपालिकाको अधिकार क्षेत्र तथा भोग चलनमा रहेको पोखरीहरु माछा पालन गरी आय आर्जनको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुदा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७९ तथा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तपसिलको शर्तहरु मन्जुर गरी खुल्ला डांक बढाबढ प्रतिस्पर्धामा भाग लिन ईच्छुक ब्यक्ति, फर्म, संघ संस्था तथा अन्य सम्बन्धित सबैको जानकारीको लागि यो प्रकाशित गरिएको छ ।

***<u>शर्तहरु:</u>***

१. पोखरी ठेक्का लिन इच्छुक ब्यक्ति, फर्म र संघ संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन पछि डांक बढावढ तालिका बमोजिम आफुले डांक बढाबढमा भाग लिन इच्छुक पोखरीको सिलसिलेवार नामको आधारमा तोकिएको न्यूनतम ठेक्का अंकको ( ५ प्रतिशत ) धरौटी रकम राखी डाक बढाबढको लागि नाम दर्ता गराउनु पर्ने छ । नगरपालिकाले डाक बढाबढको लागि तोकेको मिति, समय र स्थानमा वडा कार्यालयमा नाम दर्ता गराएका सम्बन्धित ब्यक्ति, फर्म र संस्था एवं कार्यालय प्रतिनिधिहरुको रोहवरमा डाकवढाबढको कार्य हुनेछ । डाक बोल्ने क्रममा निजले जुन क्रममा धरौटी राखेको छ सोही क्रम कायम हुनेछ । डाक बढाबढमा भाग लिन इच्छुक ब्यक्ति, फर्म र संस्थाहरु वडा कार्यालयमा नाम दर्ता गराउन छुट भएमा निजले नगरपालिकाले तोकेको मिति, समय र स्थानमा आई नाम दर्ता गराई डांक बढाबढमा भाग लिन सक्ने छ ।

२. प्रत्येक पोखरीको डांक बढाबढको समयावधि पहिलो चरणमा बढीमा ३० मिनेटको हुनेछ । एक जनाले डांक बोली सकेपछि अर्को डांक बोल्ने ब्यक्तिले ३० सेकेण्डमा आफनो डांक बोली सक्नु पर्नेछ । उक्त तोकिएको समयावधि भित्र डांक नबोलेमा डांक बोल्ने क्रमको अर्को ब्यक्तिको पालो हुने छ, एवं रीतले ३० मिनेट सम्म पहिलो चरणको डांक वढाबढ हुने छ । पहिलो चरणको डांक बढाबढको समय अभाव भएको अवस्थामा डांक बढाबढ कार्यमा कार्यालयबाट खटिएका टोली र डांक बढाबढमा भाग लिन आएका सेवाग्राही वीच आपसी समझदारी कायम गरी आवश्यक समयावधि थप गरी पुन: दोश्रो चरणको लागि डांक बढाबढ गराईने छ । सो अवधि भित्र डांक बढाबढमा जसको कबोल रकम सब भन्दा बढी हुन्छ सोही रकमलाई अन्तिम रकम मानिनेछ ।

३. डांक बढाबढ गर्दा प्रत्येक अघिल्लो डाकवालाको कबोल अंक भन्दा कम्तीमा रु. २,०००।०० (दुई हजार) भन्दा कम बोल्न पाईने छैन ।

४. प्रत्येक पोखरीको ५ वर्षको न्युनतम कबोल अंक तपसिलमा उल्लेख गरिएको छ । सोमा लाग्ने अन्य कर, दस्तुर, शुल्क सम्पुर्ण ठेक्का लिने ठेकेदारले नै बुझाउनु पर्नेछ ।

५. डांक बढावढ गर्दा प्रत्येक पटकको बोलीमा <u>धरौटी स्वरुप कबोल अंकको ५ प्रतिशत रकम नगदै राख्नु पर्नेछ</u> । डांक स्वीकृत भएको ब्यक्ति सहित क्रमश: दोश्रो र तेश्रो स्थानको डांकवालाको धरौटी रकम पोखरीको सम्झौता नभए सम्मको लागि राखिने छ । सम्झौता भई सके पछि मात्र धरौटी फिर्ता दिनु पर्ने भए नियमानुसार फिर्ता दिईनेछ ।

६. पोखरी ठेक्काको स्वीकृत कबोल रकम एकमुष्ठ किस्तामा बुझाउनु पर्नेछ ।

७. ठेक्का रकम एकमुष्ठ बुझाउनेलाई १० प्रतिशत छुट दिईनेछ ।

८. डांक बढाबढको दिन विदा परेमा पनि तोकिएको समय, स्थानमा डाक बढाबढको कार्य गरिनेछ ।

९. डांक स्वीकृत भई जानकारी पाएको मितिले ७ (सात) दिन भित्र संझौता गर्न नआएमा स्वत: धरौटी जफत भई जानेछ र पुन: नियमानुसार ठेक्का बन्दोवस्त गर्न नगरपालिकालाई बाधा पर्ने छैन ।

१०. पोखरीको मौजुदा अवस्था आफै गई हेर्न वा विस्तृत जानकारीका लागि पोखरी भएको स्थानको वडा तथा गाउमा गई जानकारी लिन सकिनेछ ।

११. कुनै कारण खोली वा नखोली पोखरी ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार रामग्राम नगपालिकामा सुरक्षित रहने छ ।

१२. रामग्राम नगरपालिकाबाट प्रत्येक वर्ष पोखरी मर्मत गर्ने कार्यक्रम रहेको हुँदा जुन वर्ष जुन पोखरी मर्मत गर्नु पर्ने हो सोको जानकारी नगरपालिकाले प्रत्येक वर्षको माघ महिना भित्र सम्बन्धित ठेकेदारलाई जानकारी गराइने छ । निज ठेकेदारले उक्त पोखरी फाल्गुन महिना भित्रै खाली गर्नु पर्ने छ । ठेकेदारले चैत्र र बैशाख दुई

१३. ठेक्का अवधि भरिमा पोखरीमा कुनै पनि कारणले हुन गएको क्षती वापतको रकम क्षतीपुर्ति भनेर ठेकेदारलाई कुनै किसिमको छुट, मिनाहा, वा म्याद थप दिईनेछैन । तर नेपाल सरकारले त्यस्तो क्षतीको क्षतिपुर्ति दिन कुनै किसिमको कार्यक्रम संचालन गरेको भए सोको लागि ठेकेदारले सिफारिस माग गरेमा सम्बन्धित निकायमा सिफारिस गर्न भने नगरपालिकालाई बाधा पर्ने छैन ।

१४. प्राकृतिक प्रकोप बाहेक कृषि लगाएत सामाजिक कार्यमा पोखरीको पानी प्रयोग गर्नु पर्ने अवस्था आएमा सम्बन्धित ठेकेदारको समन्वयमा पोखरीको पिंधको भुईं सतह देखी ५ फिट पानी माछा पालनको लागि संचीत ( सुरक्षित) राखी सो भन्दा बढी रहेको पानी मात्र प्रयोग गर्न सकिने छ ।

१५. यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

## पोखरीको विवरण :

| क्र.स. | पोखरीको नाम | पोखरी घोला रहेको स्थान | न्यूनतम कबोल अंक ५ वर्षको लागि |
|---|---|---|---|
| १ | उजैनी धोवहा पोखरी | उजैनी ७ | ४००००।०० |
| २ | रेक्सहवा पोखरी | रेक्सहवा १४ | १८००००।०० |
| ३ | अमरौड महिला पोखरी | अमरौड १४ | ८०००० |
| ४ | अमरौड पोखरी | अमरौड १४ | २००००० |
| ५ | मटखन्ना उत्तरारी पोखरी | रामग्राम १६ | २०००० |
| ६ | सेरखइया पोखरी | रामग्राम १६ | २५००० |
| ७ | छटमइया पोखरी | रामग्राम १६ | २५००० |
| ८ | उतरारी पोखरी | रामग्राम १६ | २०००० |
| ९ | मटियाइया पोखरी | रामग्राम १६ | २०००० |
| १० | करवलिया पोखरी | रामग्राम १६ | ८०००० |
| ११ | धुनियानी पोखरी | रामग्राम १६ | १६५००० |
| १२ | बसहयि पोखरी | रामग्राम १६ | १००००० |
| १३ | अमलहवा पोखरी | रामग्राम १६ | २०००० |
| १४ | बेलहिया पोखरी | रामग्राम १६ | २०००० |
| १५ | पुर्वारी पोखरी | रामग्राम १६ | ४२५००० |
| १६ | बेलोहा पोखरी | रामग्राम १६ | २२५००० |
| १७ | घनश्यामको घर निरको पोखरी | रामग्राम १७ | ३९०००० |
| १८ | कदमहिया पोखरी | रामग्राम १७ | २१५००० |
| १९ | फूलवरीया पुर्नहवा पोखरी | रामग्राम १७ | ८८५००० |
| २० | शिवालय पोखरी | रामग्राम १७ | २२०००० |
| २१ | बगहिया पोखरी | रामग्राम १७ | ५५००० |

## डांक बढाबढ हुने तालिका:

| क्र.सं. | वडा नं. | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | ७ | २०८०/०२/०१ | दिउंसो ११:०० बजे | वडा कार्यालय उजैनी |
| २ | १४ | २०८०/०२/०२ | दिउंसो ११:०० बजे | वडा कार्यालय अमरौड |
| ३ | १६ | २०८०/०२/०३ | दिउंसो ११:०० बजे | वडा कार्यालय हकुई |
| ४ | १७ | २०८०/०२/०४ | दिउंसो ११:०० बजे | वडा कार्यालय देवगाव |